**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# गण्डकी गाउँपालिका कृषक जग्गा भाडा अनुदान कार्यविधि,२०७९


# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ३१ मितिः २०७९/०९/१८

**भाग-२**


## गण्डकी गाउँपालिका

गण्डकी गाउँपालिका अन्तर्गत कृषियोग्य जमिनको उपयोग गरी अनुपस्थित भु-स्वामित्वलाई निरुत्साहित गर्दै कृषि व्यवसायबाट स्वरोजगारी सृजना गरी खाद्य सुरक्षा र खाद्य सम्प्रभुतालाई प्रवर्दन गर्नको लागि कृषि व्यवसाय प्रवर्दन ऐनले दिएको अधिकार प्रयोग गरी गण्डकी गाउँपालिका गाउँ कार्यपालिका द्धारा जारी कार्यविधि

आज्ञाले,

रिजेश उपरकोटी

प्रमुख प्रशासकीय अधिकृत

# गण्डकी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# भुम्लीचोक, गोरखा

# कृषक जग्गा भाडा अनुदान कार्यविधि—२०७९

**प्रस्तावना:**

गण्डकी गाउँपालिका अन्तर्गत कृषियोग्य  जमिनको उपयोग गरी अनुपस्थित भु-स्वामित्वलाई निरुत्साहित गर्दै कृषि व्यवसायबाट स्वरोजगारी सृजना गरी खाद्य सुरक्षा र खाद्य सम्प्रभुतालाई प्रवर्दन गर्नको लागि कृषि व्यवसाय प्रवर्दन ऐनले दिएको अधिकार प्रयोग गरी गण्डकी गाउँपालिकाले कृषक जग्गा भाडा अनुदान कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद १

१.संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नामः कृषक जग्गा भाडा अनुदान कार्यविधि-२०७९ रहेको छ ।

ख) यो कार्यविधि गण्डकी गाउँपालिका स्थानिय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

ग) यो कार्यविधि गण्डकी गाउँपालिका भर लागु हुनेछ।

## परिच्छेद २

२.विषय र प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्यविधिमा,

क)“गाउँपालिका”भन्नाले गण्डकी गाउँपालिकालाई जनाउँछ।

ख)"अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई जनाउँछ।

ग)“शाखा”भन्नाले गण्डकी गाउँपालिकाको कृषि विकास शाखा बुझ्नु पर्दछ।

घ)“समिति”भन्नाले कृषक छनौट समितिलाई सम्झनु पर्दछ।

ङ)बाँझो जमिन भन्नाले कृषि योग्य भुमि भइकन कम्तीमा दुई वर्ष देखि खेति नभई खालि रहेको जमिनलाई जनाउनेछ ।

च) खाद्यान्न बाली भन्नाले धान, मकै, गहु, जौ, कादो लगायतका बालीलाई जनाउनेछ ।

छ)तरकारी बाली भन्नाले सागसब्जी,काउली,बन्दा,सिमि, टमाटर, बोडी, फर्सी लगायतका बालीलाई जनाउनेछ ।

ज)मसला बाली भन्नाले खुर्सानी, जिरा, धनिया लगायतका बालीलाई जनाउनेछ ।झ)फलफूल बाली भन्नाले सुन्तला,केरा, नास्पाति,आँप, लिचि लगायतका अन्य फलफूल बालीलाई जनाउनेछ ।

ञ)लाभग्राही किसान भन्नाले छनौट समिति दलले छनौट गरेका बाझो जग्गामा खेती गर्नका लागि करार भएका किसानलाई जनाउनेछ ।

## <u>परिच्छेद ३</u>

४) अनुदान उपलब्ध गराउने आधारहरु

क) जग्गा धनीको अनुमतिमा सम्झौता बमोजिम कृषि कर्म गरेको भएमा अनुदान उपलब्ध गराइने छ।

ख) बाँझो रहेको जग्गामा यस कार्यविधि बमोजिमको सर्त र मापदण्ड बमोजिम खेतिपाती गरेमा स्वयं जग्गा धनी निजको अंसियार वा सो को भन्दा बाहेकको जो कोही व्यक्ति वा फर्मले खेती बाली लगाएको अवस्थामा समेत अनुदान दावी गर्न सक्नेछन् ।

ग) अनुदान सम्बन्धि मापदण्ड अनुसुची—२ बमोजिम हुनेछ ।

घ) अनुदान उपलब्ध गराउदा वडा कार्यालयको अनुगमन प्रतिवेदनलाई आधार बनाईनेछ ।

५)बजेट सम्बन्धि व्यवस्था

क) बाँझो जग्गामा खेतीपाती गर्ने कृषकहरुलाई उपलब्ध गराईने बजेटको व्यवस्था गाउँ कार्यपालिकाले गर्ने छ ।

ख) अनुदान स्थानिय बजेट भित्र समावेश गरेर उल्लेखित मापदण्डको आधारमा मात्र उपलब्ध गराईनेछ ।

## <u>परिच्छेद ५</u>

६) भुक्तानी प्रक्रिया

अनुदान रकम र भुक्तानी प्रक्रिया देहायबमोजीमको आधारमा हुनेछ।

क) कार्यक्रम सञ्चालनको लागि अनुसुचीमा उल्लेखित भएको मापदण्डको आधारमा अनुदान प्रदान गरिनेछ, अन्य स्रोत आवेदक आफैले व्यवस्था गर्नुपर्ने छ ।

ख) अनुदान दावी गर्दा देहाय बमोजिम कागजात पेश गर्नुपर्ने छ ।

- निवेदन
- वडा स्तरीय अनुगमनको प्रतिवेदन र वडा कार्यालयको भुक्तानी सिफारिस ।
- बिल भरपाई ।
- खेती गरेको जग्गाको फोटो १ प्रति।
- सम्वन्धित जग्गाधनिको जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि र तिरो तिरेको रसिद प्रतिलिपि ।
- जग्गा भाडामा दिने र लिने दुवैको नागरिकताको प्रतिलिपि ।
- जग्गा भाडामा लिएको दिएको खुल्ने सम्झौता पत्र ।

७) जमिन भाडामा दिनुपर्ने वाध्यकारी व्यवस्था बारे

आफूले आफ्नो बाँझो जमिन खेति गर्न असमर्थ भएमा गा.पा. ले तोकेको दरमा निजले इच्छुक व्यक्तिलाई/वडा कार्यालयले सिफारिस गरेको व्यक्तिलाई अनिवार्य खेती गर्न दिनुपर्ने छ ।

## <u>परिच्छेद ६</u>

छनौट प्रक्रिया

८) सार्वजनिक सुचना जारी भएपछि प्राप्त निवेदनको आधारमा छनौट प्रक्रियामा देहाय वमोजिम हुनेछ ।

क) जग्गा भाडामा लिएर खाद्यान्न वा नगदे बाली लगाउन चाहने कृषकले सार्वजनिक सूचना प्रकाशित भएको सात दिन भित्र नजिकको वडा कार्यालय वा गाउँपालिकाले कृषि शाखामा निवेदन दिन सकिनेछ ।

ख) निवेदन संकलन भईसकेपछि छनौट प्रक्रिया आरम्भ हुनेछ । उपलब्ध जमिनको अवस्था र निवेदकको संख्यासँग सन्तुलन कायम गरी लाभग्राही किसानको छनौट प्रक्रिया शुरु हुनेछ ।

ग) छनौट प्रक्रिया गर्दा दर्ता किसान वा कृषि फर्म, बेरोजगार किसान तथा विपन्न मानिसहरुलाई प्राथमिकता दिईनेछ ।

९) उपनियम क,ख,ग बमोजिम कृषकहरुको छनौट गर्न देहाय वमोजिमको एक समिती रहनेछ ।

- गाउँपालिका अध्यक्ष — संयोजक
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- गाउँपालिका आर्थिक विकास शाखा प्रमुख — सदस्य

- गाउँपालिका कृषि विकास शाखा प्रमुख — सदस्य
- सबै वडाका वडा अध्यक्ष — सदस्य

- बैठक सम्बन्धि कार्यविधि समिति आफैले व्यवस्थित गर्ने छ ।
- बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको समयमा बस्नेछ ।

१०) नियम ९ बमोजिम छनौट भएका लाभग्राहि किसान वा कृषक बिच गाउँपालिका कृषि शाखा र करार सम्झौता कम्तिमा एक वर्षको हुनेछ । सो करार सम्झौताका सर्तहरु देहाय वमोजिम हुनेछ ।

- कम्तीमा २ वर्षको खेती गर्नुपर्नेछ ।
- जग्गाको प्रयोग असल नियतले गर्नुपर्नेछ ।
- जग्गा धनीको अनुमती बेगर जग्गाको कुनै भौतिक स्वरुप परिवर्तन गर्न पाईने छैन ।
- जग्गा जमिनको उत्पादन र उत्पादकत्व कायम हुने गरी प्रयोग गर्नुपर्नेछ ।
- करार सम्झौता भंग गरेमा पाउने सम्भावित अनुदान बराबरको जरिवाना गर्न सकिनेछ ।

११) समितिको सचिवालय सम्बन्धि व्यवस्था

- छनौट समितिको सचिवालय कृषि शाखामा रहनेछ ।
- सचिवालयले यस कार्य विधिको कार्यान्वयन गर्ने, छनौट समितिकाको निर्णय कार्यान्वयन गर्नुका अतिरिक्त अन्तर शाखा समन्वय वडा कार्यालयसँग समन्वय गर्ने काम गर्नेछ ।

१२) संसोधन

यस कार्यविधिको संसोधन आवश्यकता बमोजिम गाउँकार्यपालिकाले गर्नेछ ।

१३)बाधा अड्काउ फुकाउनेः यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

<u>अनुसुची - १</u>

| क्र.स. | जग्गा धनीको नाम सहित तिनपुस्तेको विवरण | जग्गा धनीको ठेगाना | जग्गा अवस्थित | कि.नं. | क्षेत्रफल | किसिम |
|---|---|---|---|---|---|---|

<u>अनुसुची - २</u>

विभिन्न बालीमा खाद्यान्न बाली/ तरकारी बाली/ मसला बाली/ फलफूल बाली अनुदान/प्रतिरोपनी/प्रतिवर्ष रु. ३००० जग्गाको क्षेत्रफल र उत्पादकत्व अनुगमन प्रतिवेदन समेतलाई आधार बनाईनेछ ।